# काठमाडौँ महानगरपालिका
## Kathmandu Metropolitan City
## यें महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
**कमलादी, काठमाडौँ, बागमती प्रदेश, नेपाल**
**(कानुन तथा मानव अधिकार विभाग)**

प.सं.:०८०।०८१
च.नं.: ११६२

मिति : २०८१।१।२१
नेपाल सम्बत् ११४४ चौलागा दशमी, शुक्रवार

काठमाडौँ महानगरपालिका
सूचना प्रविधि विभाग
दर्ता नं: IT-३६६
मिति: २०८१-०१-२१

**श्री सबै वडा कार्यालय,**
**काठमाडौं महानगरपालिका ।**

**विषय : <u>छुट जग्गा दर्ता सिफारिस सम्बन्धमा ।</u>**

प्रस्तुत विषयमा वडा कार्यालयहरुबाट छुट जग्गा दर्ता सिफारिस सम्बन्धमा पत्र तथा मौखिक राय सोधनी भएकोमा देहाय बमोजिम गर्न गराउन सबै वडा कार्यालयमा परिपत्र गर्ने गरी मिति २०८१।१।१६ मा श्रीमान् प्रमुखस्तरिय निर्णय भएको हुँदा सो निर्णय बमोजिम यो परिपत्र गरिएको छ ।

**सिफारिस दिदा आवश्यक पर्ने कागजातहरु :**

१. क्षेत्रीय किताव (फिल्डबुक) प्रमाणित प्रतिलिपी,
२. नक्साको प्रमाणित प्रतिलिपी,
३. साविक लगत (रैकरतर्फको साविक जग्गाको विवरण),
४. १ नं. लगत, २ नं. अनुसूची, ७ नं. फाँटवारी भूमिसुधार लागु हुँदा भरेको हदबन्दी फाराम,
५. सम्वन्धित स्थानीय तहको हकभोग अवस्था सम्वन्धी किटानी सिफारिस,
६. छुट जग्गा दर्ता नामसारी भए साविक दर्तावालासँग नाता खुलेको प्रमाणको प्रतिलिपी र हकदारको विवरण खुलेको स्थानीय तहको सक्कल किटानी सिफारिस,
७. मुत्युदर्ता र नाता प्रमाणपत्रको सक्कल किटानी सिफारिस,
८. नेपाली नागरिकताको प्रमाणपत्र,
९. साविक मौजा, खला, कित्तासँग भिड्ने विवरण रैती नं. नक्सा नं. को जग्गा सर्भे नापीका वखत नापनक्सा भएको भन्ने विवरण खुलाई निवेदन दिनुपर्ने,
१०. स्वामित्व तथा मागदावीलाई पुष्टी गर्ने अन्य आवश्यक प्रमाणहरु ।

*<u>उल्लेखित कागजातका अतिरिक्त देहाय अनुसार गर्नु गराउनुहुन समेत अनुरोध गरिन्छ</u> ।*

(क) व्यक्तिको वसोवास भएको ठेगाना र जग्गा रहे भएको ठेगाना फरक भएमा जग्गा रहेको स्थानीय तहवाट जग्गाको भोगचलन तथा बस्तुस्थितिको सम्बन्धमा पत्राचार गरी यकीन गर्ने र बसोबास भएको ठेगानावाट सिफारिस गर्ने ।

(ख) एउटै जग्गाका लागि दुई वा सोभन्दा बढी व्यक्तिको नाम मिल्न गई निवेदन पेश भएमा तीनपुस्ते भिडाउने, सर्जमिन गरी यकिन गर्ने साथै सोबाट समेत स्पष्ट नभएमा व्यहोरा खुलाई सम्बन्धित मालपोत कार्यालयमा पत्राचार गर्ने र मालपोत कार्यालयबाट प्राप्त सुझावका आधारमा सिफारिस गर्ने ।

यस सम्वन्धमा भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार काठमाडौंको पत्र संख्या ०८०।८१ मिति २०८०।१०।२१ को छुट जग्गा दर्ता सम्वन्धी सूचना सम्प्रेषण संलग्न छ ।

२०८१।१।२१

काठमाडौँ प्लाजा, काठमाडौँ, नेपाल, फोन नं. +९७७-१-४१६८७३७
E-mail: judiciary@.kathmandu.gov.np, website:www.kathmandu.gov.np

फोन नं ४४१०११९

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय, काठमाडौं

डिल्लीबजार, काठमाडौं

पत्र संख्या :- ०८०।८१
च.नं.:-
प्राप्त पत्र संख्या र मिति:-

मितिः २०८०/१०/२१

## छुट जग्गा दर्ता सम्वन्धी सूचना ।।।

प्रस्तुत विषयमा मालपोत नियमावली, २०३६ को नियम ४क को उपनियम १ को प्रयोजनका लागि जग्गा (नापजाँच) ऐन २०१९ बमोजिम नापनक्शा भएको जग्गा दर्ता गर्न सम्म छुट भएकोमा त्यस्ता दर्ता गर्न चाहने जग्गावालाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको म्याद भित्र सम्वन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ भन्ने व्यवस्था भएको र नेपाल राजपत्र भाग ५ खण्ड ७३ संख्या ५० मिति २०८० माघ ११ गतेको प्रकाशित सूचनावाट जग्गा दर्ता गर्न चाहने सम्वन्धित जग्गावालाले निवेदन दिने र यस अघि नै निवेदन परी फछ्यौंट हुन बाँकी रहेका पुराना निवेदन फछ्यौंट गर्ने म्याद सूचना प्रकाशन भएको मितिले २(दुई) वर्ष तोकेको हुँदा तपसिल बमोजिमका आवश्यक प्रमाण पुगेकाहरुका हकमा तपशिल वमोजिमका कागजातहरु उक्त समयावधि भित्र सिफारिससहित निवेदन पेश गर्नका लगि सम्बन्धित सरोकारवालाहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१) क्षेत्रिय किताव (फिल्डवुक) प्रमाणित प्रतिलिपी,
२) नक्शाको प्रमाणित प्रतिलिपी,
३) साविक लगत (रैकरतर्फको साविक जग्गाको विवरण),
४) १ नं. लगत, २ नं. अनुसुची, ७ नं. फाँटवारी भूमिसुधार लागू हुँदा भरेको हदवन्दी फाराम,
५) सम्बन्धित स्थानीय तहको हकभोग अवस्था सम्बन्धी किटानी सिफारिस,
६) छुट जग्गा दर्ता नामसारी भए साविक दर्तावालासँग नाता खुलेको प्रमाणको प्रतिलिपी र हकदारको विवरण खुलेको स्थानीय तहको सक्कल किटानी सिफारिस,
७) मृत्यु दर्ता र नाता प्रमाण पत्रको सक्कल किटानी सिफारिस,
८) नेपाली नागरिकताको प्रमाणपत्र,
९) साविक मौजा, खला, कित्तासँग भिड्ने विवरण रैती नं. नक्शा नं. को जग्गा सर्भे नापीका वखत नापनक्शा भएको भन्ने विवरण खुलाई निवेदन दिनु पर्ने,
१०) मागदावीलाई पुष्टी गर्ने अन्य आवश्यक प्रमाणहरु ।

.................
(छविलाल नेपाली)
प्रमुख मालपोत अधिकृत

छविलाल नेपाली
प्रमुख मालपोत अधिकृत